international center for TRANSITIONAL JUSTICE | संक्रमणकालिन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र

# संक्रमणकालिन न्याय भनेको के हो ?

संक्रमणकालिन न्याय भनेको विधिवत् र व्यापक रुपमा भएका मानवअधिकार उल्लंघनहरुप्रतिको प्रतिक्रिया हो । यसले पीडितहरुको लागि पहिचानको खोजी गर्दछ र शान्ति, मेलमिलाप तथा लोकतन्त्रका संभावनाहरुलाई प्रबर्द्धन गर्दछ । संक्रमणकालिन न्याय कुनै विशेष प्रकारको न्याय नभएर व्यापक मानवअधिकार उल्लंघनको एक युगपछि आफूलाई रुपान्तरण गरिरहेका समुदायहरुको लागि अनुकूल पारिएको न्याय हो । केही घटनाहरुमा यस्तो रुपान्तरण एक्कासि हुन्छ भने अरुमा थुप्रै दशक पनि लाग्न सक्दछ ।

न्यायको यस्तो पहुँच मुख्यत ल्याटिन अमेरिका तथा पूर्वी युरोपमा भएका राजनीतिक परिवर्तनहरु र यी क्षेत्रहरुमा न्यायका मागहरुको प्रतिक्रियास्वरुप सन् १९८० को दशकका पछिल्ला वर्षहरुमा र सन् १९९० को दशकका सुरुका वर्षहरुमा विकसित भएको थियो । त्यस समयमा मानवअधिकारकर्मी तथा अन्य पक्षहरु भइरहेका राजनीतिक परिवर्तनहरु संकटमा नपर्ने गरी विगतका शासकहरुबाट भएका विधिवत् दुर्व्यवहारहरुको सम्बोधन गर्न चाहन्थे । ती परिवर्तनहरु “लोकतन्त्रतर्फको संक्रमण”को नामबाट प्रख्यात भएकाले मानिसहरुले यस नयाँ बहुआयामिक क्षेत्रलाई “संक्रमणकालिन न्याय”भन्ने नामबाट सम्बोधन गर्न थाले ।

त्यहाँका सरकारहरुले विभिन्न पहुँचहरु अपनाए जसमध्ये धेरै संक्रमणकालिन न्यायका आधारभूत संयन्त्रहरु बने । संक्रमणकालिन न्यायमा तल दिइएका पहलहरु समावेश गरिन्छन् :

- ***फौजदारी अभियोजनहरु*** – यसअन्तर्गत मानव अधिकार उल्लंघनका लागि जिम्मेवार व्यक्तिहरुको न्यायिक अनुसन्धान गरिन्छ । अभियोजनकर्ताहरु प्रायजसो व्यापक वा विधिवत् अपराधहरुका प्रमुख जिम्मेवार मानिएका संदिग्ध व्यक्तिहरु (big fish) को अनुसन्धानको लागि बढी जोड दिने गर्दछन् ।
- ***सत्य आयोगहरु*** – यी छानविन आयोगहरुको मुख्य उद्देश्य निकट भूतकालमा भएका उल्लंघनका मुख्य अवधिहरुको अनुसन्धान गरी प्रतिवेदन दिने हुन्छ । यिनीहरु धेरैजसो राज्यका औपचारिक निकायहरु हुन्छन् जसले त्यस्ता उल्लंघनहरुको सुधार तथा त्यस्ता घटनाहरु पुन हुन नदिन सिफारिस वा सुझावहरु दिन्छन् ।
- ***परिपूरणका कार्यक्रमहरु*** – यी कार्यक्रमहरु विगतका उल्लंघनहरुका भौतिक तथा नैतिक क्षतिको पूर्ति गर्न सहयोग गर्ने राज्यद्वारा प्रायोजित पहलहरु हुन् । यस्ता कार्यक्रमहरुमा पीडितहरुका लागि भौतिक तथा सांकेतिक लाभको मिश्रित व्यवस्था गरिन्छ । आर्थिक क्षतिपूर्ति तथा औपचारिक क्षमायाचना यस्ता कार्यक्रमहरुमा समावेश गर्न सकिन्छ ।
- ***सुरक्षा क्षेत्रको सुधार*** – यी प्रयासहरुले सेना, प्रहरी, न्यायालय तथा सम्बन्धित राज्य संरचनाहरुलाई दमन तथा भ्रष्टाचारका साधनहरुबाट सार्वजनिक सेवामा समर्पित इमानदार संयन्त्रहरुमा रुपान्तरण गर्न खोज्दछन् ।
- ***स्मारकहरुको निर्माण*** – विगतका उल्लंघन तथा दुर्व्यवहारहरु दोहोरिन नदिनको लागि खबरदारी गर्न पीडितहरुको सार्वजनिक पुण्यस्मरण सुरक्षित राख्ने तथा विगतका दुर्व्यहारहरुबारे नैतिक चेतना उजागर गर्ने संग्रहालयहरु र स्मारक वा स्तम्भहरुको निर्माण यस कार्यक्रममा समावेश हुन्छ ।

यी पहलहरुले संक्रमणकालिन न्यायको आधारशीलाको निर्माण गर्ने व्यापक मान्यता भए तापनि संक्रमणकालिन न्याय यिनीहरुमै मात्र सीमित हुन्छ भन्ने होइन । विभिन्न समुदायहरुले विगतका उल्लंघनहरुको सम्बोधन गर्न अन्य सिर्जनात्मक संयन्त्रहरुको विकास गरेका छन् । यस कारणले पनि यस क्षेत्रले केही वर्षभित्रै बल र विविधता दुवै हासिल गरेको छ ।

## एक सम्पूर्ण पहुँच

व्यापक मानवअधिकार उल्लंघनहरुको सम्बोधन गर्दा विभिन्न व्यवहारिक कठिनाइहरु देखा पर्दछन् । देशको राजनीतिक सन्तुलन नाजुक हुन सक्दछ, भने सरकार यी यस्ता बृहद् पहलहरु चाल्न अनिच्छुक हुन सक्दछ – वा सरकार आफ्नै स्थायित्व संकटमा नपारीकन त्यसो गर्न नसक्ने हुन सक्दछ ।

विगतका उल्लंघनहरुका कारण देखा पर्ने विभिन्न समस्याहरु प्राय एकदम जटिल हुन्छन् र कुनै एउटा तरिकाबाट मात्र तिनको समाधान गर्न कठिन हुन्छ । अभियोजनजस्ता न्यायिक उपायहरु अपर्याप्त हुन सक्दछन् । यदि पीडित र पीडकहरु हजारौं वा लाखौंको संख्यामा छन् भने तिनीहरु सबैलाई अदालतहरुमार्फत् मात्रै कसरी न्याय गर्न सकिन्छ ? अझ विशेषत अदालतहरु कमजोर तथा भ्रष्ट भएका अवस्थाहरुमा त न्याय असंभवप्राय नै हुन्छ । दोषीहरु सबैलाई अभियोजन गर्न न्यायलय सक्षम नै भए तापनि बिग्रिएको सामाजिक व्यवस्थाको पुनसंरचनाको लागि पनि अन्य पहलहरु आवश्यक हुन्छन् ।

दुई दशकको अभ्यासपछिको अनुभवले संक्रमणकालिन न्यायको प्रभावकारीताको लागि यसले एक अर्काका पूरकका रुपमा रहेका विभिन्न उपायहरुलाई समावेश गर्नुपर्ने देखाउँदछ किनभने अरु संयन्त्रको पूरकको रुपमा अघि नबढाएर कुनै एउटामात्र पहल त्यति प्रभावकारी हुन सक्दैन ।

उदाहरणको लागि, सत्यको खोजी वा परिपूरणका प्रयत्नहरुविना केही थोरै संख्यामा पीडकहरुलाई सजाय दिनुलाई राजनीतिक प्रतिशोधको रुपमा हेरिन सक्दछ । उल्लंघनकर्ताहरुलाई सजाय दिने र संस्थागत सुधार गर्ने पहलहरुविनाको सत्यको खोजीमात्रलाई केवल खोक्रा शब्दहरुको रुपमा बुझिन सक्दछ । अभियोजन वा सत्यको खोजी नगरी मात्र परिपूरण वा क्षतिपूर्ति प्रदान गर्नुलाई रगतको मूल्य (blood money) को रुपमा वा पीडितहरुको मौनता वा मौन स्वीकृति किन्ने प्रयत्नको रुपमा बुझिन सक्दछ । त्यसरी नै न्याय, सत्य तथा परिपूरण प्राप्त गर्ने पीडितहरुका न्याय संगत चाहनाहरु पूर्ति गर्ने कुनै कोसिसविना मात्र संस्थागत सुधारहरु अघि बढाउनु जवाफदेहीता प्रदान गर्ने दृष्टिले प्रभावहीन हुने मात्र होइन कि त्यस्तो पहल आफैमा पनि सफल हुन सक्दैन ।

व्यापक दुरुपयोगका अवधिहरुपछि पुनस्थापित भइरहेका समुदायका मुख्य उद्देश्यहरु–लोकतन्त्र र शान्तिलाई बल पुग्ने गरी संक्रमणकालिन न्यायको योजना बनाइनुपर्ने कुरा पनि समानरुपमा महत्वपूर्ण हुन्छ । पीडित समूह तथा सर्वसाधारणसँगको व्यापक परामर्श तथा तिनको सक्रिय सहभागिताबाट ती उद्देश्यहरु प्राप्त हुने संभावना बढी हुन्छ । उस्तै दुर्व्यवहारहरुको अवधि पार गरेका अन्य समुदायहरुका अनुभवहरुको गम्भीर अध्ययनमा आधारित भई त्यस्तै अवस्थाको कुनै समुदायले आफ्ना विकल्पहरु छान्न सकेको खण्डमा त्यसरी रोजिएका विकल्पहरु बढी प्रभावकारी हुन सक्दछन् । यसबाट त्यस्ता प्रक्रियाका त्रुटिहरु दोहोरिने संभावना घट्दछ । संक्रमणकालिन समुदायहरुले त्यस्ता त्रुटिहरु दोहोऱ्याउनु जोखिमपूर्ण हुन सक्दछ ।

अन्त्यमा, एक सम्पूर्ण पहुँच भन्नाले संक्रमणकालिन न्यायले भएका उल्लंघनहरुका सम्पूर्ण सहायक तत्वहरुको विचार गर्नुपर्दछ । व्यक्तिगत, पारिवारिक तथा सामाजिक सम्बन्धहरुमा लैंगिक सवालहरुप्रतिको संवेदनशीलता संक्रमणकालिन न्यायका सम्पूर्ण संयन्त्रहरुको मुख्य तत्व हुनुपर्छ । त्यसले महिलाहरुद्वारा भोगिएका विशिष्ट पीडाहरु बुझ्न पनि सहयोग पुग्नेछ ।

## अन्तर्राष्ट्रिय कानुनमा संक्रमणकालिन न्याय

संक्रमणकालिन न्यायको क्षेत्र विस्तारित र विविधिकरण हुँदै जाँदा यसले अन्तर्राष्ट्रिय कानुनमा एक महत्वपूर्ण आधार हासिल गरिसकेको छ । सन् १९८८ मा होन्डुरस राज्यविरुद्ध भेलाक्वे रोड्रिगेजको मुद्दामा मानवअधिकारसम्बन्धी अन्तर–अमेरिकी अदालतले गरेको फैसला नै संक्रमणकालिन न्यायको आंशिक आधार हो । त्यस फैसलामा अन्तर–अमेरिकी अदालतले मानवअधिकारको क्षेत्रमा सम्पूर्ण राज्यका ४ आधारभूत दायित्वहरु हुन्छन् भन्ने जनाएको छ । ती हुन् :

- मानवअधिकार उल्लंघन रोक्न आवश्यक कदमहरु चाल्ने;
- मानवअधिकार उल्लंघन भएको बेला त्यसको गम्भीर अनुसन्धान गर्ने;
- उल्लंघनका जिम्मेवारहरुलाई उपयुक्त दण्ड दिने;
- उल्लंघनका पीडितहरुलाई परिपूरण सुनिश्चित गर्ने ।

ती सिद्धान्तहरु त्यस अदालतका पछिल्ला फैसलाहरुमा सुस्पष्टरुपमा पुष्टि गरिएका छन् र मानवअधिकारसम्बन्धी युरोपेली अदालत तथा मानवअधिकार समितिजस्ता संयुक्त राष्ट्रसंघीय सन्धि र निकायहरुका निर्णयहरुमा पनि अनुमोदन गरिएका छन् । सन् १९९८ मा अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना पनि महत्वपूर्ण थियो किनभने त्यस अदालतको विधानले दण्डहीनताविरुद्धको लडाइँ तथा पीडितहरुका अधिकारहरुको सम्मानप्रति विशिष्ट महत्व दिनुपर्ने राज्यका दायित्व उल्लेख गर्दछ ।

## भविष्यलाई नियाल्दा

अर्जेन्टिना र चिलीमा सर्वसत्तावादीको अन्त्यदेखि शान्ति स्थापना गर्ने नै मुख्य विषय रहेका बोस्निया र हर्जेगोभिना, लाइबेरिया तथा कंगो जस्ता राज्यहरुलाई समावेश गर्दा परिस्थितिको परिवर्तनसँगै देखिएका नयाँ व्यवहारिक चुनौतीहरुले यस क्षेत्रमा समयसापेक्ष नयाँ परिवर्तन गर्न बाध्य बनाएको छ । जातिसंहार तथा जातिय विस्थापन, पूर्व लडाकुहरुको समायोजन, समुदायहरुबीच मेलमिलाप तथा शान्ति स्थापनामा न्यायको भूमिका महत्वपूर्ण नयाँ विषयहरु बनेका छन् ।

संक्रमणकालिन न्यायका अभ्यासकर्ताहरुले स्थानीय वा "परम्परागत" न्यायका संयन्त्रहरुको पनि प्रयोग गरेका छन् । सियरा लियोन र युगान्डाजस्ता केही देशहरुमा त्यहाँका समुदायहरु युद्धरत पक्षहरुबीच मेलमिलाप गराउन वा पूर्व लडाकुहरुलाई समायोजन गर्न परम्परागत विधिहरु प्रयोग गर्न इच्छुक हुन सक्दछन् । त्यस्ता अवस्थाहरुमा संक्रमणकालिन न्यायका अन्य संयन्त्रहरुका साथै ती विधिहरु पनि समावेश हुने एक सम्पूर्ण पहुँचको सुनिश्चितता गर्नु नै संक्रमणकालिन न्यायको भूमिका हो ।

अन्तमा व्यापक मानवअधिकार उल्लंघनबाट प्रभावित विगतको सम्बोधन गर्ने कुनै एउटै मात्र सुत्र छैन । संक्रमणकालिन न्यायका सम्पूण संयन्त्रहरु विश्वव्यापी मानवअधिकारको आधारभूत विश्वासमा आधारित छन् । तर अन्त्यमा प्रत्येक समाजले आफ्नो बाटो – अवश्य नै – आफै छान्नुपर्छ ।